annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १६२, पृष्ठ ८ | काठमाडौं, शुक्रबार २३ असोज २०८३ | आश्विन शुक्लपक्ष चतुर्दशी नेपाल संवत् ११४६ | FRIDAY, OCTOBER 9, 2026 | मूल्य : रु. १०

‘स्थायी सरकार’मा हुन्डरी : धमाधम राजीनामा दिँदै कर्मचारी

सरकारले संसद्मा दर्ता गरेको ‘संघीय निजामती सेवा विधेयक’मा ५५ वर्ष उमेर वा ३० वर्ष सेवा अवधि पुगेका हाल कार्यरत कर्मचारीलाई अनिवार्य अवकाश दिने प्रस्ताव गरेपछि कर्मचारीले धमाधम राजीनामा दिन थालेका छन्। विधेयकको ‘विभेदकारी’ प्रावधान लागू हुँदा एकैपटक ठूलो संख्यामा कर्मचारी बाहिरिने र नयाँ भर्ना गर्दा राज्यमाथि ठूलो दोहोरो आर्थिक भार पर्ने विज्ञहरू बताउँछन्।

सुरेन्द्र काफ्ले | *काठमाडौं*



पोखरा जान ‘एनओसी’ तगारो

मेघराज सापकोटा | *दुबई*

दुबईबाट सीधै पोखरा उडान सुरु भएपछि नेपालले खाडीमा बस्ने भारतीयलाई समेत नयाँ पर्यटन बजारका रूपमा आकर्षित गर्न सक्ने सम्भावना खुलेको छ। तर, नेपाल घुम्न भारतीय नागरिकलाई भिसा नचाहिने भए पनि भ्रमणपछि आफू बसिरहेको खाडीमुलुक फर्किँदा भने भारतीय दूतावासबाट ‘थर्ड कन्ट्री नो अब्जेक्सन सर्टिफिकेट’ (एनओसी) लिनुपर्ने झन्झटिलो व्यवस्थाले भारतीय पर्यटकहरू नेपाल जान इच्छुक नदेखिएको दुबईस्थित नेपाली ट्राभल्स व्यवसायी बताउँछन्।

भारतीय नागरिकलाई नेपाल भ्रमणमा सहज पहुँच पुऱ्याउन कूटनीतिक स्तरमा पहल सुरु गरिएको यूएईस्थित नेपाली महावाणिज्यदूतावासका महावाणिज्यदूत हरि ओडारीले जानकारी दिए। उनका अनुसार यूएईबाट नेपाल जाने भारतीय पर्यटकहरूका लागि नो अब्जेक्सन सर्टिफिकेट (एनओसी) सम्बन्धी प्रक्रियालाई सरल र सहज बनाउन परराष्ट्र मन्त्रालयमार्फत भारतीय दूतावाससँग छलफल अघि बढाइएको छ।

यूएईमा विभिन्न पेसा तथा व्यवसायमा संलग्न भई आर्थिक रूपमा सक्षम रहेका धेरै भारतीय नागरिकहरू वार्षिक बिदा वा भ्रमणका लागि नेपाल जान इच्छुक रहेका छन्। तर, विद्यमान एनओसीसम्बन्धी प्रावधान र भौतिक उपस्थितिसम्बन्धी कठिनाइले गर्दा उनीहरूको नेपाल यात्रा जटिल बन्ने गरेको छ।

> दुबई-पोखरा सीधा उडानले खाडीका पर्यटक भित्र्याउने अवसर खोले पनि फर्किँदा एनओसी अनिवार्य हुँदा भारतीयहरू हिच्किचाउने गरेका छन्।

‘यूएईमा रहेका भारतीय नागरिकमा नेपालप्रति ठूलो आकर्षण छ। तर, फर्किँदा वा भ्रमणमा जाँदा चाहिने एनओसी प्रक्रियाका कारण उनीहरूले समस्या भोग्नु परिरहेको छ,’ उनले भने, ‘एनओसी पूर्णरूपमा हटाउन सम्भव नभए पनि यसलाई अनलाइन वा इमेलमार्फत सहजीकरण गरिदिनका लागि परराष्ट्र मन्त्रालयमार्फत भारतीय दूतावाससँग कुराकानी अगाडि बढाउन अनुरोध गरिएको छ।’

एनओसी प्रक्रिया अनलाइन वा सहज माध्यमबाट उपलब्ध हुन सके यूएईबाट नेपाल जाने भारतीय पर्यटकको संख्यामा उल्लेख्य वृद्धि हुने व्यवसायीहरूको दाबी छ।

» बाँकी पृष्ठ ६